# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मष्टा गाउँपालिका

बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## मष्टा गाउँपालिका
### बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मष्टा गाउँपालिका

बझाङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्ष**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५५३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मष्टा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड २९ लाख ३९ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६९ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु ५५ लाख २६ हजार र रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १० करोड ६९ लाख ७० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ११ करोड ९९ लाख ९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## मष्टा गाउँपालिका, बझाङ

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | ४८ | १२९३९ | ० | ० | ० | ५२ | ४८ | १२९३९ | ४६५ | ५५२६ | ६९४८ | ० | ० | १२४७४ | ० |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| मष्टा गाउँपालिका, बझाङ | १०६९७० | ० | ० | १०६९७० | ० | १२९३९ | ११९९०९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मष्टा गाउँपालिका, बझाङ , मस्ता गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ammar Bahadur Jethara | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gagan Bahadur Gurdhami | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १२,९३९,१६०.४५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७६,०२,९७०.९६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,०४,९९,३८० | **चालु खर्च** | २६,४८,५५,८६५.१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४५,८८,००० | **पूंजीगत खर्च** | १५,३१,०४,६२२ |
| **राजश्व बाँडफाँट** | ६,४०,३२,०८२.५२ | **वित्तीय/अन्य व्यवस्था** | ८,७४,०४,८५०.८७ |
| **आन्तरिक आय** | १२,७९,६७५.९९ | | |
| **अन्य आय** | ८,०५,२२,९६४.८ | | |
| **कुल आय** | ५१,०९,२२,१०३.३१ | **कुल खर्च** | ५०,५३,६५,३३७.९७ |
| **बाँकी मौज्दात** | | १,३१,५९,७३६.२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यसपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १०९.२४ वर्ग किलोमिटर क्षेत्रफल तथा करिव १७ हजार जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **लेखापरीक्षणका क्रममा असुलि दाखीला**- दैनिक भ्रमण भत्ता वुझेको समयमा स्थानीय भत्ता भुक्तानी लिएको रु३९४५२।०० रा वा वैक बझाङ्ग शाखाको राजस्व खातामा र दाखिला नगरेको आन्तरीक आम्दानी १२७१५।०० स्थानिय सञ्चित कोषमा समेत रु ५२१६७।०० असुल भई कुल जम्मा रु ५२१६७।०० दाखिला भएको छ । | |
| ३ | | | **वित्तीय विवरण** | |
| ३.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| ३.२ | | | **आयव्यय विवरण**<br>आ.व २०७८/०७९<br>मष्टा गाउँपालिका | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | ५८६८१७८.३२ | ७६०२९७०.९६ | १ | चालु खर्च | २६४८५५८६५.१ | २६४८५५८६५.१ |
| | धरौटी गत बर्षको | १२४२६५२.४४ | | २ | पूँजीगत खर्च | १५३१०४६२२ | १५३१०४६२२ |
| | विविध खर्च खाताको गतको जिम्मेवारी | | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | प्रकोप को गत वर्षको जिम्मेवारी | ४९२१४०.२ | | | | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ६५३११७५८ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १२७९६७५.९९ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ६३२४००८२.५२ | | | ग) अन्य भुक्तानी | | |
| | ग) प्रदेश राजश्व | ७९२००० | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३४०४९९३८० | | ऋण लगानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | १०१०००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २०३८९९३८० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | २१७०००००० | | ५ | धरौटी फिर्ता | १६८४८३९ | १६८४८३९ |
| | घ) विशेष अनुदान | १३९००००० | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २४५८८००० | ७ | कोष फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | ७१११००० | | ८ | मौज्दात | | १३१५९७३६.२९ |
| | ख) सशर्त अनुदान | ४४९३००० | | | क) बैंक मौज्दात | ११७६१८७९.७२ | |
| | ग) समपुरक अनुदान | ७९८४००० | | | ख)धरौटी मौज्दात | ९१३४४१.२४ | |
| | घ) विशेष अनुदान | ५०००००० | | | ग. कर्मचारी कल्याण कोष | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अन्य | | | | ङ विविध खर्च खाता मौज्दात | ५२०७६.१ | |
| | प्रकोप व्यवस्थापन गतवर्षको जिम्मेवारी | | | | च प्रकोप व्यवस्थापन कोष मौज्दात | ४३२३३९.२३ | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | 9 | शशर्त अनुदान फिर्ता | ६५४४९५० | ६५४४९५० |
| | ख) सडक बोर्ड नेपाल | | | 10 | प्रकोप व्यवस्थापन कोष खाता | २५५९८००.९७ | २५५९८००.९७ |
| 7 | कार्य संचालन कोष | | ३४३७२०९ | | विविध खर्च खाता | ८८५१३२.९ | ८८५१३२.९ |
| | क प्रकोप व्यवस्थापन कोष खाता | २५००००० | | | | | |
| | ख विविध खर्च खाता | ९३७२०९ | | | | | |
| १० | धरौटी आय यस आ.व.को | १३५५६२७.८ | १३५५६२७.८ | | | | |
| १२ | भवन पूर्वाधार बिकास कार्यक्रम | | | | भवन पूर्वाधार | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बिकास कार्यक्रम | | |
| १३ | सामाजिक सुरक्षा | ७५७३०१२८ | ७५७३०१२८ | | सामाजिक सुरक्षा | ७५७३०१२८ | ७५७३०१२८ |
| १६ | कर्मचारी कल्याण कोष | | | | | | |
| | जम्मा | ५१८५२५०७४.२७ | ५१८५२५०७४.२५ | | जम्मा | ५१८५२५०७४.३ | ५१८५२५०७४.३ |

३.३

**बैंक हिसाब मिलान—**स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको बैंक हिसाब मिलान विवरण तयार गरेको जनाएको छ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| सञ्चित कोष | 11761879.72 | 11761879.72 | |
| विविध खर्च खाता- | 52076.1 | 52076.1 | |
| प्रकोप व्य कोष खाता | 432339.23 | 432339.23 | |

४

**आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालीकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको<br>• पालिकाले २०७7।७8 को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।<br>• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा अत्याधिक खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।<br>• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।<br>• तलवी प्रतिवेदन पारीत नगरेको<br>• शिर्षक फरक पारी खर्च लेख्ने गरेको<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु.१२७९६७५।९९ देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु.७५४८५०००।०० रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च बीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा ५९ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु ५१८५२५०७४।३० रहेकोले उक्त खर्च आन्तरिक आयको ४०५ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ | |

| | | | | |
|---|---|---|---|---|
| | | | । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ. । | |
| ६ | | | **खर्च बिश्लेषण—** पालिकाले यस बर्ष कुल आन्तरिक आय रु १२७९६७५।९९, राजस्व बाँडफाँड रु ६४०३२०८२।५ र अनुदानबाट रु ३६५०८७३८०।०० गरी रु ४३०३९९१३९।०० आम्दानी भएको तथा चालु तर्फ रु २६४८५५८६५।१० र पूँजिगत तर्फ रु १५३१०४६२२।०० गरी रु ४१७९६०४८७।१० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३१ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु.६७१३२२६।०० खर्च भएको छ जुन आन्तरिक आयको ५.३ गुणा रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१ प्रतिशत चालु र ३५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ७ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखियो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ८ | | | **बजेट, कार्यक्रम र खर्च** | |
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिका उपाध्यक्षले २०७८/०३/१० गते रु.४३ करोड ६३ लाख को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८.२ | | | **अबण्डा बजेट—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने | |

<table>
<tr><td></td><td></td><td></td><td>व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. २ करोड १६ लाख अबण्डा राखेको विवरण पेश गरेकोमा उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।११।२८ को निर्णयबाट पुजीगतर्फ शीर्षकमा रु. २ करोड १६ लाख बजेट व्यवस्था गरी खर्च गरेको विवरण पेश गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>बर्षान्तमा रकमान्तरः स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार गाउँपालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ।तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नु पर्नेमा यस गाउंपालिकाले २०७८ आषाढमा आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस गाउंपालिकाको दोश्रो गाउसभाको को निर्णयवाट निम्नानुसार रकमान्तर गरी खर्च गरेको देखियो ।यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । रु हजारमा
<table>
<tr><th>शिर्षक</th><th>रकमान्तर कायम</th><th>अन्तिम कायम</th></tr>
<tr><td>युवा युवती एकल महिला उपाध्यक्ष कार्यक्रम</td><td>800</td><td>800</td></tr>
<tr><td>जनतासँग अध्यक्ष कार्यक्रम</td><td>600</td><td>600</td></tr>
<tr><td>स्थानीय भत्ता</td><td>1000</td><td>1000</td></tr>
<tr><td>गाउँपालिका सम्पुरक कोष</td><td>2400</td><td>2400</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष</td><td>700</td><td>700</td></tr>
<tr><td>कर्मचारी क्षमता विकास तालिम खर्च</td><td>500</td><td>500</td></tr>
<tr><td>जम्मा</td><td>7073</td><td>7073</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>चौमासिक खर्च - आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (९) बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३५ (१) बमोजिम चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक वर्षको अन्तिममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । रु हजारमा</td><td></td></tr>
</table>

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | 214855 | 64742 | 97572 | 102541 | 60063 |
| चालु खर्चतर्फ | 153104 | 10491 | 49514 | 93099 | 53799 |
| जम्मा खर्च | 367959 | 75233 | 147086 | 195640 | 113862 |
| खर्च प्रतिशत | 95.42 | 14.86 | 33.1 | 47.82 | 27.77 |

८.५ **भुक्तानी वाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायीत्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरीक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी वाँकीको प्रमाणित कच्चावारी रु ४०५७८०।०० मात्रको उल्लेख गरी भुक्तानि गरेकोमा कच्चावारीमा उल्लेख भए वाहेक गत आ व को निम्नानुसारमा गत वर्षको भुक्तानी वाँकी रहेको भनि रु.२३८३९९।०० भूक्तानी खर्च लेखेको छ । पालीकाले अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रकमको भुक्तानी वाँकीको विस्तृत विवरण तथा फाँटवारी तयार गरी भुक्तानी विवरण नियमानुसार प्रमाणित गराएर मात्र अघिल्लो वर्षको दायीत्वको भुक्तानी दिने व्यवस्था हुनु पर्दछ । बजेटले नखाम्ने गरी दायित्व सिर्जना गर्नेलाई कुनै कारवाहि गरेको छैन । भुक्तानी हुन वाँकिको कच्चावारी वाहेकको रकम भुक्तानि दिएको अनियमित देखीएको रु २३८,३९९

| विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|
| भगवति निर्माण सेवालाई गतको भुक्तानीमा मु अ क छूट वापत | २३८३९९ | |

८.६ क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजारमा

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आर्थिक विकास | १६१९२ | १५६२० | ३ |
| पूर्वाधार विकास | १०४९१३ | १००९०३ | २४ |
| सामाजिक विकास | २१७४१९ | २०९५४० | ५० |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५२९२ | १५२३५ | ३ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८४२३३ | ७६६५९ | १८ |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्चमध्ये सबैभन्दा बढी कार्य सामाजिक विकासमा ५० प्रतिशत र सबै भन्दा घटी आर्थिक विकासमा ३ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

८.७

**योजना र कार्यान्वयन—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ५८ |
| २ | रु एक लाख देखि दुई लाख सम्मका योजना | ११ |
| ३ | रु दुई लाख देखि पाँच लाख सम्मका योजना | १५ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ८ |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५</td><td>दश लाख देखि ५० लाख सम्मका योजना</td><td>२१</td></tr>
<tr><td>६</td><td>५० लाख बढीका योजना</td><td>६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११९</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको मा यस पालिकाले हालसम्म १६ वटा ऐन, ५ वटा नियमावली, १९ वटा कार्यविधि लगायत ४० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>कार्य संचालन कार्यविधिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आर्थिक सहायता र अन्य विविध खर्च</td><td></td></tr>
<tr><td>१०.<br>१</td><td></td><td></td><td>आर्थिक सहायता— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत प्रयोजनको लागि यो वर्ष १६ व्यक्ति एवं संघ संस्थालाई रु २ लाख ४० हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.<br>२</td><td></td><td></td><td>खाना तथा विविध खर्च— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फमात्र रु २७ लाख ५० हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.<br>३</td><td></td><td></td><td>अनुत्पादक खर्च— सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले मस्टा पुजा तथा मेला प्रयोजनमा रु.५०००००।-खर्च गरेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग</td><td></td></tr>
</table>

<table>
<tr><td>११.<br>१</td><td></td><td></td><td>अनुदान फिर्ता —संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने देखीएको रु
<table>
<tr><td>विवरण</td><td>संघीय श्रोतको रु</td><td>प्रदेश श्रोतको रु</td><td>जम्मा</td></tr>
<tr><td>१३३१२ : शसर्त अनुदान चालु</td><td>४१,३५१)</td><td>०</td><td>४१,३५१)</td></tr>
<tr><td>१३३१३ : शसर्त अनुदान पुँजीगत</td><td>२,३९,४९७</td><td>३,२६८</td><td>२,४२,७६५</td></tr>
<tr><td>१३३१४ : विषेश अनुदान चालु</td><td>०</td><td>२,०५१</td><td>२,०५१</td></tr>
<tr><td>१३३१५ : विषेश अनुदान पुँजीगत</td><td>९५४</td><td>०</td><td>९५४</td></tr>
<tr><td>१३३१६ : समपुरक अनुदान चालु</td><td>०</td><td>१,०७,५९५</td><td>१,०७,५९५</td></tr>
<tr><td>१३३१७ : समपुरक अनुदान पुँजीगत</td><td>९००</td><td>०</td><td>९००</td></tr>
<tr><td>जम्मा</td><td>२,००,०००</td><td>१,१२,९१४</td><td>३,१२,९१४</td></tr>
</table></td><td>३१२,९१४</td></tr>
<tr><td>११.<br>२</td><td></td><td></td><td>समपुरक अनुदान :संघ तथ प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को दफा ६ अनुसार समपुरक अनुदानवाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ । पालिकाले यो वर्ष संघ तथा प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरि रु ७९८४०००।०० अनुदानको रुपमा प्राप्त भई रु७९७६४०५।०० खर्च भएको छ । वडा कार्यालय भवन निर्माणमा खर्च गरेको सो रकमको ५० प्रतिशतले हुने अंश रू ३९८८२०३।०० पालिकाले अंश व्यहोर्नुपर्नेमा जम्मा रु१६६७५३२।०० मात्र खर्च व्यहोरेको छ । यसरी कम लागत सहभागिता देखीएको रु २३२०६७१।०० को गाउपालिकावाट सोहि कार्यमा खर्च भएको प्रमाण पेश हुनुपर्ने अन्यथा नपुग लागत सहभागिता वापतको रु २३२०६७१।०० प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>२,३२०,६७<br>१</td></tr>
<tr><td>११.<br>३</td><td></td><td></td><td>अनुदानको अनुगमन —सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ,प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ११.४ | | | **अनुगमन प्रतिवेदनः** विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को वुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी समन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ । कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित कहाँ पेश गरेको देखीएन। | |
| ११.५ | | | **नाफामूलक संस्थालाई अनुदान** —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले प्रदेश विशेष अनुदानतर्फ यो वर्ष पनि कैलास बहुउद्देश्यिय सहकारी भवन निर्माणका लागि रु २५ लाख अनुदान उपलब्ध गराएको छ । स्पष्ट कार्यविधि तथा प्रतिस्पर्धा वेगर नाफामुलक संस्थालाई प्रदेशवाटै सहकारी भवन निर्माणका लागि तोकिएर आएकोमा तालुक निकायवाट आउने यस प्रकारका कार्यक्रमवाट पुर्वाधार विकास तथा दिर्घकालिन पूँजि निर्माण हुने सुनिश्चितता नभएकोले यस्ता कार्यक्रम तथा खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ११.६ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च—** पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता लगायत भनी विभिन्न व्यक्तिहरुलाइ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १२.१ | | | **कर्मचारी करार** —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ५ पदमा ८३ जना कर्मचारीहरु करारमा राखी रु.१७३००००० खर्च लेखेको छ । पालिकाले स्विकृत दरवन्दि र दरवन्दि वाहिरका कर्मचारीको विवरण पेश नगरेकोले दरवन्दि वाहिरका कर्मचारीको तलव भत्ता विश्लेषण गर्न सकिएन । | |
| १२.२ | | | **कल्याण कोष—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी | |

<table>
<tr><td></td><td></td><td></td><td>जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाल सम्म पनि कल्याण कोष गठन गरेको छैन । कानूनको व्यवस्था परिपालनामा पालिका जिम्मेवार बन्नुपर्ने देखीन्छ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति :पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>७</td><td>७</td><td>४</td><td>३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२.४</td><td></td><td></td><td>सेवाप्रवाहको स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :
<table>
<tr><td>विवरण</td><td>निवेदन दर्ता</td><td>सिफारिस भएको संख्या</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>1450</td><td>1450</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>108</td><td>108</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>39</td><td>39</td></tr>
<tr><td>विवाह दर्ता</td><td>145</td><td>145</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>१०</td><td>१०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td><td>०</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td><td>०</td></tr></table><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखीएन। | |
| १२.५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखीयो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखीएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ। | |
| १३ | | | **बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु१५ करोड ३१ लाख पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखीयो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १४ | | | **उपभोक्ता समिति दर्ता -** ' सार्वजनिक खरिद नियमावली, २०६४ को नियम९७मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखीदैन । पालिकाले जनाएअनुसार यो बर्ष विभिन्न ११९ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ८ करोड १४ लाख ३४ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भार मा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |

<table>
<tr><td>१५</td><td></td><td></td><td>पदाधिकारी सुविधाः—स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु ६७ लाख १३ हजार २२६ खर्च लेखेको देखीन्छ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>दैनिक भ्रमण भत्ता- स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ क बमोजिमको सुविधा मात्र पाउने व्यवस्था छ । सो अनुसार अनुसुचिको क्रम संख्या ७ मा आफ्नो स्थानिय तहभन्दा वाहिर भ्रमण गरेमा मात्र तोकिएको दैनिक भ्रमण भत्ता पाउने उल्लेख भएकोमा देहायबमोजिमका पदाधिकारीलाई आफ्नै स्थानिय तह भित्र भ्रमण गर्दा समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोले भुक्तानी दिन मिल्ने नदेखिएको रु
<table>
<tr><th>गो भौ नं</th><th>पदाधिकारी नाम</th><th>भ्रमण स्थान</th><th></th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६६।९।२९</td><td>कर्ण वहादुर कठायत</td><td>वडा नं १ देखी ४</td><td>९।२२ देखी २७</td><td>९८३४</td></tr>
<tr><td>भ्रमण आदेश तथा भ्रमण विल समेत स्विकृत नभएको</td><td>कर्ण वहादुर कठायत</td><td>धनगढी</td><td>९।८ देखी १४</td><td>१०९८४</td></tr>
<tr><td></td><td>भगवति वोहरा</td><td>वडा नं १ देखी ४</td><td>९।१८ देखी २४</td><td>१०३००</td></tr>
<tr><td>३०१।३।३२ चालु तर्फ</td><td>गापा अध्यक्ष ज्ञान व वोहरा हाल</td><td>वाखा पकेट मस्टा ७</td><td>३।१८ देखी २६</td><td>३९४०</td></tr>
<tr><td></td><td>हर्क धामि</td><td>वाखा पकेट मस्टा ७</td><td>३।१८ देखी २६</td><td>३९४०</td></tr>
<tr><td></td><td>सजस्य कलक वहादुर थापा</td><td>वाखा पकेट मस्टा ७</td><td>३।१८ देखी २६</td><td>२९४०</td></tr>
<tr><td></td><td>वडा सदस्य प्रकाश ओखेडा</td><td>वाखा पकेट मस्टा ७</td><td>३।१८ देखी २६</td><td>२९४०</td></tr>
<tr><td></td><td>बडाध्यक्ष धनवहादुर जेठारा</td><td>वाखा पकेट मस्टा ७</td><td>३।१८ देखी २६</td><td>२९४०</td></tr>
<tr><td></td><td>बडाध्यक्ष शिवराज वोहरा</td><td>वाखा पकेट मस्टा ७</td><td>३।१८ देखी २६</td><td>२९४०</td></tr>
</table></td><td>२६४,४५३</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | बडाध्यक्ष सुधन कठायत | वाखा पकेट मस्टा ७ | ३।१८ देखी २६ | २९४० |
| | बडाध्यक्ष उत्तम जोशि | वाखा पकेट मस्टा ७ | ३।१८ देखी २६ | २९४० |
| | बडाध्यक्ष धर्म धामि | वाखा पकेट मस्टा ७ | ३।१८ देखी २६ | २९४० |
| | बडाध्यक्ष प्रकाश खड्का | वाखा पकेट मस्टा ७ | ३।१८ देखी २६ | २९४० |
| | बडाध्यक्ष रामचन्द्र रोकाया | वाखा पकेट मस्टा ७ | ३।१८ देखी २६ | २९४० |
| ८८।८।८ | ४नं वडाध्यक्ष प्रयागराज उपाध्याय | वडा नं १ देखी ७ | ५।१७ देखी २३ | ९१०० |
| | २ नं वडाध्यक्ष शेरबहादुर खड्का | वडा नं ५ ६ ७ | ६।१० देखी १७ | ९१०० |
| ९६।८।१० | ४ नं वडा सदस्य रामधन कठायत | वडा नं १ देखी ७ | ७।६ देखी १२ | ७५०० |
| | वडा न ७ अध्यक्ष बमवहादुर वोहरा | वडा नं १ देखी ७ | ७।६ देखी १२ | ८७५० |
| | २ नं वडाध्यक्ष शेरबहादुर खड्का | वडा नं १ देखी ७ | ७।६ देखी १२ | ८७५० |
| | ३ नं वडाध्यक्ष टेकबहादुर कठायत | वडा नं १ देखी ७ | ७।६ देखी १२ | ८७५० |
| २०८।१०।७ | गा पा अध्यक्ष कर्णवहादुर कठायत | वडा नं ४ ६ ७ | ९।२७ देखी १०।३ | १०९६० |
| | उपाध्यक्ष भगवति कुमारी वोहरा | वडा नं ४ ६ ७ | ९।२७ देखी १०।३ | १०९६० |
| ३३१।१२।८ | २ नं वडाध्यक्ष शेरबहादुर खड्का | वडा नं ५ ६ ७ | ११।१ देखी ७ | ८७५० |
| ३१६।१२।१ | १ नं वडाध्यक्ष राजेन्द्रबहादुर खड्का | वडा नं ५ ६ ७ | ११।१ देखी ७ | ८७५० |
| | ३ नं वडाध्यक्ष टेकवहादुर कठायत | वडा नं ५ ६ ७ | ११।१ देखी ७ | ८७५० |
| | ७ नं वडाध्यक्ष बमवहादुर वोहरा | वडा नं ५ ६ ७ | ११।१ देखी ७ | ८७५० |
| ३८०।१२।२९ | ४ नं वडा सदस्य रामधन कठायत | वडा नं ५ ६ ७ | १२।२० देखी २६ | ८७५० |
| ४१५।११।२२ | का पा सदस्य रुपमति कठायत | वडा नं १ देखी ७ | १२।२१ देखी २७ | ८२५० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>का पा सदस्य कलुदेवि खड्का</td><td>वडा नं १ देखी ७</td><td>१२।२१ देखी २७</td><td>१००००</td></tr>
<tr><td>६०४।३।२२</td><td>गा पा उपाध्यक्ष हर्क धामि</td><td>वडा नं १ देखी ७</td><td>३।१ देखी ७</td><td>९३७५</td></tr>
<tr><td></td><td>गा पा अध्यक्ष ज्ञानवहादुर वोहरा</td><td>वडा नं १ देखी ७</td><td>३।१ देखी ७</td><td>१००००</td></tr>
<tr><td></td><td>वडा नं ५ वडाध्यक्ष सुदन कठायत</td><td>वडा नं १ देखी ७</td><td>३।१ देखी ७</td><td>८७५०</td></tr>
<tr><td></td><td>वडा नं २ वडाध्यक्ष प्रकाश खड्का</td><td>वडा नं १ देखी ७</td><td>३।१ देखी ७</td><td>८७५०</td></tr>
<tr><td></td><td>वडा नं ४ वडाध्यक्ष उत्तमराज जोशि</td><td>वडा नं १ देखी ७</td><td>३।१ देखी ७</td><td>८७५०</td></tr>
<tr><td></td><td>वडा नं १ वडाध्यक्ष रामचन्द्र रोकाया</td><td>वडा नं १ देखी ७</td><td>३।१ देखी ७</td><td>८७५०</td></tr>
<tr><td></td><td>वडा नं ६ वडाध्यक्ष शिवराज वोहरा</td><td>वडा नं १ देखी ७</td><td>३।१ देखी ७</td><td>८७५०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२६४४५३</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१७</td>
<td>५९९</td>
<td>२०७९ -३-२१</td>
<td>बढी भुक्तानी -सुदुर पश्चिम प्रदेश “स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी(पहिलो संसोधन) ऐन,२०७६” को दफा दफा ३(३)मा गाँउ सभाका सदस्यले अनुसूची-१(ङ) बमोजिम प्रति बैठक रु. १००० बैठकभत्ता पाउने ब्यवस्था छ । पालिकाले आ ब २०७८।७९ को गाँउसभा संचालन गर्न रविन्द्र वोहराले लिएको पेश्कि फछर्यौट् गर्दा ४० जना पदाधिकारी (एक प्रमूख प्रशासकीय अधिकृत सहित)हरुलाई दुई दिनको रु. २००० का दरले भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ८०,०००।०० मा कर कट्टी पछिको रु. ६८,०००।०० असुल हुनुपर्ने रु.६८,०००।००</td>
<td>६८,०००</td>
</tr>
<tr>
<td>१८</td>
<td>६३९</td>
<td>२०७९ -३-३२</td>
<td>जिन्सी दाखीला- आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमूखले आफ्नो कार्यालयमा खरिद गरी प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत लगत अद्यावधिक गर्नु गराउनु पर्ने ब्यवस्था छ ।पालिकालेवडा नं ४ सचिव श्री महेशराज जोशी को पेश्की फछर्यौट गर्दा देहाय वमोजिमका सामान खरिद गरेको विल पेश भएकोमा जिन्सी दाखीला नभएको रु.
<table>
<tr><td>सि नं</td><td>विवरण</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>१</td><td>सोफा सेट</td><td>१</td><td>३१९००</td></tr>
